# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०१।०३ गते ।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

काठमाडौं उपत्यका विकास प्राधिकरण अनामनगर, काठमाडौंका तत्कालीन विकास आयुक्त भाइ काजी तिवारीले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज भाइ काजी तिवारी सार्वजनिक पद धारण गरेको जाँच अवधि मिति २०४४/०५/१९ गतेदेखि काठमाडौं उपत्यका विकास प्राधिकरण अनामनगर, काठमाडौंको विकास आयुक्त पदबाट अवकाश पाएको मिति २०७८/०१/०९ गतेसम्मको अवधिलाई जाँच अवधि कायम गरी निज र निजको एकाघर परिवार/सगोलमा रहेको व्यक्तिहरुले उपरोक्त अवधिमा विभिन्न आयका श्रोतहरुबाट कानुनीरुपमा (Lawfully obtained) आर्जन गरेका आयहरुलाई आयका रुपमा र सोही अवधिमा निजहरुले विभिन्न शीर्षकहरुमा गरेको प्रमाणित (Verified) खर्चहरुलाई व्ययका रुपमा गणना गर्दा निज सार्वजनिक सेवाप्रवेश गर्नुपूर्वको आय, पारिश्रमिक बचत, वैदेशिक आय, वैदेशिक भ्रमण भत्ता, दैनिक भ्रमण भत्ता, विविध भत्ता आय, अवकाश पश्चात कर्मचारी संचय कोष र संचित विदावापत प्राप्त रकम, अवकाश पश्चात प्राप्त बीमा रकम, निवृत्तिभरण आयवापत प्राप्त गरेको रकम, ऋण सापटी फिर्ता रकम, कृषि आय, घरजग्गा बिक्री आय, जग्गा बिक्री आय, बीमा आय, बैंक ब्याज आय, श्रीमतीको पारिश्रमिक बचत, नगद लाभांश वापत प्राप्त रकम, घरबहाल आय, बैङ्क खातामा प्राप्त रकमसमेत गरी जम्मा **रू.१४,५१,९१,३५६/२५ (चौध करोड एकाउन्न लाख एकानब्बे हजार तीन सय छपन्न रुपैयाँ पच्चीस पैसा)** वैधानिक आय आर्जन गरेको देखिएको।

त्यसैगरी, सोही जाँच अवधिमा व्ययतर्फ अध्ययन खर्च, ऋण/सापटी लगानी रकम, कम्पनीमा लगानी रकम, घर खरिद/निर्माण खर्च, जग्गा खरिद खर्च, घरजग्गा बिक्री लाभकर, जीवन बीमा प्रिमियम भुक्तानी, विद्युतीय उपकरण खरिद, शेयर खरिद, सामाजिक व्यवहार खर्च, हिराको हार खरिद, बहालकर भुक्तानी, छोरीको नाममा घर खरिद, विभिन्न व्यक्तिहरुलाई बैङ्क खाताको चेकबाट भुक्तानी खर्च, विवाह खर्च, सहकारी संस्थालाई भुक्तानी र अनुसन्धान जाँच अवधिको अन्तिम बैंक मौज्दातसमेत गरी जम्मा **रू.२५,०६,८७,२२७/६४ (पच्चीस करोड छ लाख सतासी हजार दुई सय सत्ताईस रूपैयाँ चौसठ्ठी पैसा)** बराबरको सम्पत्ति खर्च तथा लगानी गरेको देखिएकोले उक्त अवधिको कुल/समग्र आयबाट सोही अवधिको कूल/समग्र खर्च तथा लगानी (कुल व्यय) घटाउँदा कूल आयभन्दा कूल व्यय अधिक हुनगई जाँच अवधिमा **रू.१०,५४,९५,८७१/३९ (दश करोड चवन्न लाख पन्चानब्बे हजार आठ सय एकहत्तर रुपैयाँ उनन्चालीस पैसा)** बराबरको सम्पत्ति (खर्च तथा लगानी) को स्रोत पुष्टि भएको नदेखिएकोबाट उक्त रकम बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निजले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएकोले निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिहरू श्रीमती तथा छोरीको नाममा समेत रहेको देखिंदा निज भाइ काजी तिवारी, निजको श्रीमती मिना देबी तिवारी र छोरी मीरा तिवारी उपर देहायको कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | काठमाडौं उपत्यका विकास प्राधिकरण अनामनगर, काठमाडौंका तत्कालीन विकास आयुक्त **भाइ काजी तिवारी** | **रू.१०,५४,९५,८७१/३९** | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र सो कसुरलाई निरन्तरता दिएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवम् निषेधित गरिए बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा बिगो रू. दश करोड चवन्न लाख पन्चानब्बे हजार आठ सय एकहत्तर रुपैयाँ उनन्चालीस पैसा कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ तथा दफा २९, प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद र बिगोबमोजिम जरिवाना सजाय हुन एवं साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानुनीरूपमा आर्जन गरेको सम्पत्ति जफत गरी पाउन साथै निजले वार्षिक रुपमा पेस गरेको सम्पत्ति विवरण फारम र यस आयोगमा पेश गरेको सम्पत्ति विवरणमा वास्तविक सम्पत्तिको विवरण उल्लेख नगरी सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत हुन तथा निज काठमाडौं उपत्यका विकास प्राधिकरण अनामनगर, काठमाडौंको विकास आयुक्त रहेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| २. | प्रतिवादी भाइ काजी तिवारीको श्रीमती **मिना देबी तिवारी** र छोरी **मीरा तिवारी** | - | प्रतिवादी भाइ काजी तिवारीले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरुपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट श्रीमती मिना देबी तिवारी र छोरी मीरा तिवारीको नाममा खरिद लगानी गरिएका सम्पत्तिहरु साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग तथा दफा २९ को उपदफा (२) र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(२), दफा २० (२), ऐ. ऐनको दफा ४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत गरी असूल उपर गर्ने प्रयोजनार्थ मात्र मिना देबी तिवारी र मीरा तिवारीलाई प्रतिवादी कायम गरिएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने